NEPALI




DeKalb County
School District

# मास्क लगाउने नियमहरू सम्बन्धी अद्यावधिकहरू

*(जुलाई 12, 2021 सम्मको लागि)*

DeKalb County School District (DCSD) विद्यार्थी तथा कर्मचारीहरूका लागि सिकाइको सुरक्षित वातावरण प्रदान गर्न प्रतिबद्ध छ। DCSD विद्यार्थीहरूलाई हाम्रा भवनहरूमा फिर्ता ल्याउन उत्साहित छ ताकी हामी विद्यार्थीहरूका आवश्यकताहरू पूरा गर्नका निम्ति समान शैक्षिक सेवाहरू प्रदान गर्ने हाम्रो अभियानलाई निरन्तरता दिन सकियोस्।

डिस्ट्रिक्टले निरन्तर रूपमा संक्रमण पुष्टिका घटनाहरूका साथै खोप नलगाएका व्यक्तिहरूमा डेल्टा भ्यारियन्टको संक्रमण बढिरहेको छ भन्ने जानकारी निगरानी गरिरहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार, डेल्टा भ्यारियन्ट कोरोनाभाइरसको हावी भ्यारियन्ट बनेको छ।

हाम्रा भवनहरूमा COVID-19 को संक्रमणका घटनाहरू घटाउन तल प्रदान गरिएको अध्यावधिक जानकारीले विद्यालय, कार्यालय, तथा सुविधास्थलमा विद्यार्थी तथा कर्मचारीहरूलाई सुरक्षित तरिकाले फिर्ता ल्याउनका निम्ति निर्देशन प्रदान गर्नेछ।

**Center for Disease Control (CDC) ले 7/9/21 मा आफ्नो निर्देशिका अद्यावधिक गरेको छ र उक्त सुझाव अनुसार विद्यालयहरूले COVID-19 को संक्रमण न्यूनीकरणका वर्तमान रणनीतिहरूको प्रयोगलाई निरन्तरता दिनु पर्छ।**

CDC ले प्रयोग गर्न सुझाव दिएको संक्रमण न्यूनिकरणका मुख्य रणनीतिहरू। यी रणनीतिहरू सुरक्षित तरिकाले भौतिक शिक्षण गर्न गराउन र विद्यालयहरूमा COVID-19 को संक्रमण सर्ने जोखिम रोक्न सहयोग गर्न अति आवश्यक छन्। यी रणनीतिहरूमा निम्न कुराहरू समावेश छन्:

1. अनिवार्य तथा सही रूपमा मास्कको प्रयोग गर्ने
2. सम्भव भएसम्म भौतिक दूरीको अभ्यास गर्ने
3. हात धुँदा र खोक्दा हाच्छिउँ गर्दा सरसफाइमा ध्यान दिने।
4. स्थानहरू सफा गर्ने तथा सफा राख्ने।
5. आइसोलेसन तथा क्वारेन्टिनको संयोजनको साथमा कन्ट्याक्ट ट्रेसिङ प्रयोग गर्ने।
6. तपाईं विशेषगरि बिरामी मान्छेको नजिक जानु भएको छ भने आफूमा COVID-19 का लक्षणहरू देखाएको छ कि छैन भनेर विचार गर्ने। तपाईंमा COVID-19 का लक्षणहरू देखिएको छ भने, तपाईंले परीक्षण गराउनु पर्दछ, घरमै बस्नु पर्दछ, र अरूबाट टाढा बस्नु पर्दछ।
7. खोप लगाउने।

DeKalb County School District ले निम्न कुराहरू कार्यान्वयन गर्नेछ:

- **विद्यालय बसमा चढेको समयमा सबै विद्यार्थीहरूले अनिवार्य रूपमा मास्क लगाउनु पर्दछ**। सार्वजनिक यातायात प्रयोग गर्दा सबै व्यक्तिहरू मास्क लगाउनु पर्छ भन्ने CDC को सुझाव अनुसार यो नियम बनाइएको हो।
- आधारभूत विद्यालयका विद्यार्थीहरूका लागि **मास्क अनिवार्य** गरिएको छ किनभने यो उमेर समूहको लागि खोप उपलब्ध भएको छैन। विद्यालयहरूले विद्यार्थीलाई मास्क लगाउन अप्ठ्यारो पर्ने चमेनागृह तथा अन्य क्षेत्रहरूमा प्रभावकारी अभ्यासहरू प्रयोग गर्नेछ।

- माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूका साथै कर्मचारीहरूका लागि मास्क **अनिवार्य** गरिएको छ। CDC को निर्देशिका अनुसार पूर्ण रूपमा खोप लगाएका कर्मचारी तथा विद्यार्थीहरू (12 वर्ष र माथिका व्यक्तिहरू) ले आफ्नो स्वेच्छाले मास्क लगाउन वा नलगाउन सक्छन्। तर पनि, पर्याप्त सावधानी अपनाउन, सबै भवनहरूमा मास्क अनिवार्य गरिएको छ।

डिस्ट्रिक्टले खोप लगाएका विद्यार्थीहरू तथा कर्मचारीहरू पहिचान गर्ने प्रभावकारी विधिहरूलाई पुनरावलोकन गर्नेछ र स्वेच्छाले मास्क लगाउने नियम पुनर्मूल्याङ्कन गर्नेछ। **अभिभावकहरूलाई आफ्नो परिवारका लागि उत्तम हुने खोपका विकल्पहरूको बारेमा बुझ्न आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्न प्रोत्साहित गरिन्छ।**

- COVID-19 का लक्षणहरू देखिएका कर्मचारी तथा विद्यार्थीहरूले घरमै अरूबाट टाढा बस्नु पर्दछ र आफ्नो स्वास्थ्य सेवा प्रदायकबाट सेवा लिनु पर्दछ।

- विद्यालय पछिको विस्तारित विद्यालय समय (After School Extended Day Programs वा ASEDP) का लागि भवन भित्र सञ्चालन गरिने क्रियाकलापहरूका लागि **मास्क** अनिवार्य गरिएको छ। बाहिर सञ्चालन गरिने क्रियाकलापहरूका लागि मास्क **स्वैच्छिक** गरिएको छ।

- खेलकुदका क्रियाकलापहरूका लागि मास्क **स्वैच्छिक** गरिएको छ। लकर कोठा, तथा भारोत्तोलन कोठाका लागि मास्क **अनिवार्य** गरिएको छ। खेलकुद टोलीहरूले Georgia High School Association ले खेलकुद कार्यक्रमहरूको सुरक्षाका लागि तय गरेका सबै नियमहरू पालना गर्नु जरुरी हुन्छ।

- भवन भित्र भेटघाट आयोजना गर्ने सबै क्लबहरूका लागि **मास्क** अनिवार्य गरिएको छ। बाहिर सञ्चालन गरिने क्रियाकलापहरूका लागि मास्क **स्वैच्छिक** गरिएको छ।

- कर्मचारीहरूले COVID-19 को संक्रमण सर्न सक्ने सम्भावित घटना/संक्रमण पुष्टिका घटनाहरूको बारेमा जानकारी गराउँदा COVID-19 को डिस्ट्रिक्ट प्रोटोकल प्रयोग गरिरहने छन्।

विद्यालय तथा डिस्ट्रिक्टका भवनहरूमा संक्रमण न्यूनीकरणका सबै रणनीतिहरू प्रयोग गरिरहनेछ। डिस्ट्रिकले काउन्टी र डिस्ट्रिक्ट भित्रका संक्रमण पुष्टिका घटनाहरू अध्ययन गरिरहनेछ। साथै, डिस्ट्रिकले आफ्ना अभ्यासहरू अद्यावधिक गर्न पाउने अधिकार आफूसँग सुरक्षित राखेको छ। यो अधिकार अनुसार डिस्ट्रिक्टले सबै कर्मचारी तथा कर्मचारीहरूले मास्क लगाउनु पर्ने नियम पनि अद्यावधिक गर्न सक्छ।

डिस्ट्रिक्टले सबै भन्दा नयाँ अध्ययन अनुसन्धान, चिकित्सा परामर्श र संक्रमणका घटनाहरूको वृद्धिका आधारमा खोपको अनुरोध, नमूना परीक्षण, सामूहिक परीक्षण सम्बोधन गर्न समुदायका साझेदारहरू मिलेर काम गरिरहनेछ।

DeKalb County School District

